Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: २ | वि.सं. २०८३ वैशाख २ बुधवार | नेपाल संवत्: ११४५, वैशाख कृष्ण त्रयोदशी | Wednesday 15 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## विद्युत् खपत रणनीति बनाउन आवश्यक छलफल गर्दै उर्जा मन्त्रालय




**युग संवाददाता**
**काठमाडौं, १ वैशाख ।**

उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र नेपाल उद्योग परिसङ्घबीच मुलुकको ऊर्जा क्षेत्रको विकास गर्न र थप उन्नयनका बारेका सोमबार छलफल भएको छ। सो अवसरमा मन्त्री श्रेष्ठले समग्र उर्जा क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्ध रहेको बताए।

मन्त्री श्रेष्ठले विद्युत्को निर्यातसँगै आन्तरिक खपत कसरी बढाउने भन्नेतर्फ पनि सरकारले गृहकार्य गरिरहेको बताए। सरकारले जलाशय तथा नविकरणीय उर्जा, विद्युत् खपत बढाउने रणनीतिलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उहाँले उर्जा क्षेत्रले कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कसरी योगदान बढाउन सकिन्छ भन्ने विषयमा निजी क्षेत्रको स्पष्ट सुझावको अपेक्षा गरेको स्पष्ट पारे।

परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले विद्युत् खपत बढाउने नीति अवलम्बन गरि नुपर्नेमा जोड दिए। उनले उद्योगलाई आवश्यक ऊर्जा उत्पादन गरी ‘ ह्विलिङ्ग चार्ज’ लगाई प्रसारण गर्न दिने नीति कार्यान्वयन गर्न, निजी क्षेत्रलाई विद्युत्को आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापारको अनुमति दिने नीति लिन सुझाए।

सङ्घीय सरकारबाट स्वीकृति लिई सर्भे सम्पन्न गरिसकेका र विद्युत् खरिद सम्झौता हुन बाँकी सबै परियोजनासँग तत्काल विद्युत् खरिद सम्झौता (पिपिए) गर्न, विद्युत्को आन्तरिक खपत बढाउने नीति लिन, जीवास्म इन्धनमा आधारित उद्योगलाई विद्युत्मा आधारित उपकरणले विस्थापित गर्न सहुलियत दिने व्यवस्था गर्न आग्रह गरे। उनले वैकल्पिक उर्जा स्रोततर्फ पनि ध्यान दिइनुपर्नेमा जोड दिए।

### दुर्गमको सडक सपना:

# दुई महिनादेखि डोजरले एउटै पहरा फुटाइँदै

**युग संवाददाता**
**कालीकोट, १ वैशाख ।**

नरहरिनाथ गाउँपालिकाको केन्द्र कुमालगाउँबाट रुप्सा जोड्ने सात किलोमिटर सडक निर्माण सुरु गरिएको दुई वर्षमा १ किलोमिटरमात्रै ट्र्याक खुलेको छ।

कर्णाली रोजगार, मुख्यमन्त्री रोजगार र पालिका अनुदानबाट सजिलो ठाउँको सडक स्थानीयले गैंती, बेल्चा र साबेल जस्ता औजारबाट खने पनि अप्ठेरो भागमा गाउँपालिकाले ठेक्का लगाएर काम सुरु गरेको हो। गाउँपालिकाले दुवैतर्फबाट ठेक्का लगाएर काम गरिरहेको छ।

डोजरले भीर फुटाउन थालेको दुई महिना भयो। नरहरिनाथ-५ रुप्साका अगुवा राजेन्द्र सहकारीले तीन किलोमिटर कडा चट्टान भएकाले कहिले छिचोलिने भन्ने एकिन नभएको बताए। उनले कुमालगाउँको गोठीदेखि अदेला हुँदै रुप्सासम्म पैदल हिँड्नु परेको बताए।

कडा चट्टान र भिरालो जमीनमा स्थानीय उपभोक्ताबाट सडक खन्न सम्भव नभएपछि गाउँपालिकाले संघीय समपुरक कोषबाट प्राप्त बजेटमा लागत साझेदारी गरेर ६ महिनाअघि ठेक्का लगाएको हो। कुमालगाउँको गोठीबाट अदेलातर्फको दुई किलोमिटरका लागि २ करोड रुपैयाँमा लगाएको ठेक्का नन्दमाता किरण जेभीले पाएको छ।

रुप्सासम्म छिटो यातायात पुर्‍याउन तल र माथि दुवैतर्फबाट ठेक्का लगाएर काम गराइरहेको गाउँपालिकाले उपाध्यक्ष कमलकुमार शाहले बताए। माथि रुप्साबाट र तल अर्को ६ करोडको ठेक्कामार्फत सद्भाव एसकेटी जेभीले दुई महिनादेखि डोजर लगाएर चट्टानमा काम गरिरहेको उनले बताए। उनका अनुसार मेहेलमुडी हुँदै रुप्सा लेकबाट तल झारिएको डोजरले माथिबाट तलतिर भीर फुटाइरहेको छ भने कुमालगाउँतर्फबाट माथितिर पनि डोजरले काम गरिरहेको छ।



गाउँपालिकाको केन्द्र कुमालगाउँबाट ५ घण्टा पैदल हिँडेर रुप्सा पुग्नु परेको गुनासो गर्दै स्थानीय धिरेन्द्र बोगटीले सडक बनेपछि पिठ्यूको भारी बोक्नुपर्ने र पैदल हिँड्नुपर्ने बाध्यता अन्त्य हुने बताए। ‘पहिलो कार्यकालका जनप्रतिनिधिले पनि सडक पुर्‍याउँछौं भनेर भोट मागे। दोस्रो कार्यकालकाले पनि सडक नै चुनावी नारा बनाए,’ उनले भने, ‘हामीले कहिले गाडी चढ्न पाउने हो भन्ने अझै निश्चित भइसकेको छैन।’

गाउँपालिकाको केन्द्र कुमालगाउँबाट रुप्सा जोड्ने सडक आउँदो एक वर्षभित्र ट्र्याक खोल्ने गरी भएको ठेक्का अनुसार काम भइरहेको गाउँपालिका अध्यक्ष नगेन्द्रबहादुर विष्टले बताए। ‘अबको एक वर्षभित्र पालिकाका सबै बस्तीमा सडक पुर्‍याउने योजना छ,’ उनले भने, ‘कुमालगाउँसम्म त पिच नै गर्ने लक्ष्य छ।’

उनले रुप्सा जोड्ने सडकको लागि विष्फोटक पदार्थ माग गर्दै गृह मन्त्रालयमा तीन पटक पत्राचार गरे पनि अझै अनुमति नआएको सुनाए। ‘पहरा फुटाउन मेसिनले मात्र नहुने अवस्था छ। विष्फोट गराउनै पर्ने देखिएको छ,’ उनले भने।

उनले कालीकोटको खुलालीबाट लालु, माल्कोट, कुमालगाउँ, कोटवाडा, सान्नी, रास्कोट, नानीकोट हुँदै बाजुराको लैफू जोड्ने रणनीतिक सडक पनि निर्माण भइरहेको बताए। यो सडक बनेपछि कोटवाडा विमानस्थल पनि संचालनका लागि दबाब दिन पनि सहज हुने उनले बताए।

कुमालगाउँ-रुप्सा सडकमा कडा चट्टान भएकाले काम गर्न कठिनाइ भएको गाउँपालिकाका इन्जीनियर निरक शाहले बताए। ‘विकट ठाउँमा सडक पुर्‍याउनै कठिन भएको छ,’ उनले भने ‘सजिलो भूगोल भएको भए यति बजेटले कालोपत्र नै गर्न सकिन्थ्यो। विकट ठाउँमा एउटै पहरा फुटाउन करोडौं खर्चिनुपरेको छ।’ उनले सरकारले दुर्गममा विकास मोडेल नै फेरेर ठाउँ अनुसारको बजेट विनियोजन गरिनुपर्ने सुझाए।

कर्णाली करिडोरको लालीघाटबाट ०७५ मा सडक निर्माण सुरु गरेर एक वर्षमै गाउँपालिकाको केन्द्र कुमालगाउँसम्म सडकको ट्र्याक खुले पनि अझै स्तरोन्नति हुन सकेको छैन। खुलालुबाट लालु हुँदै माल्कोट रातीमाटासम्म ३१ किलोमिटर सडक वडा ८, ९, ६ र ७ सडक सञ्जालमा जोडिएको

बाँकी ४ पेजमा

## सल्यानमा टेन्डरबाहेकका गिटी-बालुवा उत्खननमा रोक

सल्यानमा टेन्डरबिना अवैध रुपमा खोलाजन्य वस्तु (गिटी, बालुवा ) उत्खननमा प्रहरीले रोक लगाएको छ। अवैध तथा जथाभाबी उत्खननले विभिन्न जोखिम निम्त्याएको भन्दै उत्खननमा प्रहरीले रोक लगाएको हो।

जिल्लाका १० स्थानीय तहमा यो वर्ष त्रिवेणी र कालिमाटी गाउँपालिकाले मात्र टेन्डर आह्वान गरी गिटी, बालुवा उत्खनन गर्दै आएका छन् भने शारदा, बाग्चौर, बन्गाड कुपिण्डे नगरपालिका, कुमाख, सिद्धकुमाख, दार्मा गाउँपालिकाले टेन्डरबिना उत्खनन गर्दै आएका छन्।

बाँकी ४ पेजमा

## बाँकेमा गहुँखेती क्षेत्र घट्यो, उत्पादन बढ्यो

**युग संवाददाता**
**बाँके, १ वैशाख ।**

बाँके जिल्लामा गहुँखेती गर्ने क्षेत्र घट्दै गए पनि गत वर्षको तुलनामा उत्पादनमा भने वृद्धि भएको छ। उन्नत जातको बीउ, सिँचाइ र अनुकूल मौसमका कारण यो वर्ष गहुँखेती उत्पादन वृद्धि हुने कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए।

“खेती गर्ने जग्गाको क्षेत्रफल घटे पनि यस वर्ष गत वर्षभन्दा गहुँ बढी उत्पादन हुने अध्ययनले देखाएको छ”, पाठकले भने, “बीउको प्रतिस्थापन दर बढ्दो भएका कारण र किसानले हाइब्रिड जातको बीउको बढी प्रयोगका कारण पनि उत्पादनमा वृद्धि भएको हो।”

उनका अनुसार बाँकेमा गत वर्ष २० हजार ८९५ हेक्टर क्षेत्रफल जमिनमा गरिएको गहुँखेतीबाट ७७ हजार ७०८ मेट्रिक टन गहुँ उत्पादन भएको थियो। यो वर्ष समयमै बर्सात भइरहेको र कुनै किसिमको रोग तथा कीराको सङ्क्रमण नभएकाले गत वर्षको तुलनामा गहुँको उत्पादन वृद्धि हुने भएको छ।

समयसमयमा किसानका खेतमै पुगेर गहुँबालीको अनुसन्धान गर्ने, बाली उपचार शिविरको सञ्चालन गर्ने, घुम्ती स्थलगत तालिम तथा विभिन्न सचेतना कार्यक्रम गर्ने गरेका कारण पनि क्षेत्रफल घटे पनि उत्पादनमा वृद्धि भएको पाठकको भनाइ छ। बाँके जिल्लाका किसान यतिबेला वर्षभरिको पसिनाको फल सुरक्षित गर्ने निर्णायक घडीमा छन्। गत वर्षभन्दा यो वर्ष बाँकमा गहुँखेती उत्पादन वृद्धि भएको अखिल नेपाल किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले बताए।

बीउ छरेदेखि स्याहर्ने बेलासम्म सामान्य हावाहुरी र वर्षाले क्षति पुर्‍याए पनि समग्रमा यो वर्ष अनुकूल मौसम भएकोले गहुँको उत्पादन बढेको उनको भनाइ छ। गहुँको उत्पादन वृद्धि भए पनि खेती गर्ने क्षेत्रफल भने बर्सेनि घट्दै गएको छ। आर्थिक वर्ष ०८०/०८१ मा जिल्लाका विभिन्न स्थानमा २१ हजार ५१५ हेक्टर क्षेत्रफल जग्गामा गहुँखेती गरिएको थियो। तर गत वर्ष भने २० हजार ८९५ हेक्टर जमिनमा मात्र गहुँ खेती गरिएको थियो। यो वर्ष क्षेत्रफल अझै घटेको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत पाठकले जानकारी दिए।

किसानहरूले गहुँखेती गर्ने जग्गामा तोरीखेती, वसन्ते मकै र विभिन्न तरकारीजन्य खेती गर्दा गहुँखेती गर्ने क्षेत्रफल घट्दै गएको छ। नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिका क्षेत्रमा बढ्दो सहरीकरण र राप्तीसोनारी गाउँपालिका जङ्गली जनावरको आक्रमणले गर्दा गहुँखेती गर्ने क्षेत्रफल बर्सेनि घट्दै गएको उहाँले बताए।

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

**“अर्थतन्त्र मापनको लागि आर्थिक गणना”**

- **आर्थिक गणना किन:** देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- **गणना अवधि:** २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- **कसलाई समेट्ने:** सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

**तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।**
**सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

# २०८२ सालको खेलकुदलाई फर्केर हेर्दा



राजु सिलवाल/रासस

२०८२ सालमा नेपालको खेलकुद गतिविधि उपलब्धिका हिसाबले समग्रमा मिश्रित खालक रह्यो। एक वर्षको अवधिमा नेपालको सहभागिता विश्वस्तरीयदेखि विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा उल्लेख्य रुपमा भएको थियो। यस क्रममा केही अन्तरराष्ट्रिय पदक भित्र्याउन नेपाली खेलाडी सफल भए। मुलुकभित्र आयोजित विविध खेलकुद प्रतियोगिताले खेलकुद क्षेत्रलाई व्यस्त बनायो।

यस्तै खेलकुदलाई व्यावसायिकतातर्फ जोड्ने काममा पनि यस वर्ष केही उल्लेखनीय प्रयास भएका छन्। यद्यपि, यो वर्ष नेपाल ओलम्पिक कमिटीमा तालाबन्दी, अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को निलम्बनजस्ता कार्यले नियमित खेलकुद गतिविधिमा अवरोध पुग्न गएको छ।

### खेलाडी पनि सांसद

२०८२ सालको अन्तातिर नेपालको खेलकुद जगतले आफ्ना दुई सदस्यलाई सङ्घीय संसद्को विधायकको रुपमा प्राप्त गर्‍यो। प्रतिनिधिसभाको निर्वाचनमा नुवाकोट क्षेत्र नं २ बाट निर्वाचित सांसद डा अच्चुतम लामिछाने पूर्वताइक्वाण्डो खेलाडी हुनुहुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा लामिछानेले दक्षिण कोरियाबाट खेलकुद विज्ञानमा पिएचडी उपाधि हासिल गर्नुभएको थियो। उहाँले राष्ट्रिय खेलकुद परिषद्मा खेलकुद विज्ञान विज्ञका रुपमा समेत कार्य गरिसक्नुभएको छ। सन् २०२४ मा माल्दिभ्समा भएको १५औं विश्व बडी बिल्डिङ च्याम्पियनसीपमा रजत पदक जित्न सफल खेलाडी रजनी श्रेष्ठ प्रतिनिधिसभामा सांसद बन्नुभएको छ। उहाँ पनि रास्वपाको समानुपातिकतर्फ सांसद पदमा निर्वाचित हुनु भएको छ। उहाँले सन् २०२३ मा ५५ औं एसियन बडि बिल्डिङ च्याम्पियनसीपमा स्वर्ण पदकका साथै अन्य विभिन्न प्रतियोगितामा मुलुकका लागि पदक जितिसक्नु भएको छ। यसरी खेलकुद बुझेका व्यक्ति नै सांसद बनेपछि अब संसद्मा खेलाडीका मुद्दा उठाउन सहज भएको महसुस गरिएको छ।

### क्रिकेटको कमाल

नेपालको खेलकुदको आधिकारिक संस्था राष्ट्रिय खेलकुद परिषदअन्तर्गत सयौं खेलका सङ्घ भए पनि केही वर्षयता क्रिकेटले अन्य खेलका सङ्घलाई उछिन्दै आइरहेको छ। नेपाली क्रिकेट खेलाडीका लागि २०८२ साल अत्यन्त ब्यस्त वर्षका रुपमा बित्यो। राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिताहरूको सहभागितामा ब्यस्त रहेका नेपाली क्रिकेट खेलाडीहरूले यसपालि तेस्रोपटक 'टी ट्वाण्टी' विश्वकपमा सहभागिता जनाउनुलाई वर्षकै महत्वपूर्ण उपलब्धि मानिएको छ। नेपालले विश्वकपमा समग्रमा सुखद नतिजा हासिल गर्न नसके पनि विभिन्न खेलमा उचित मुकाबिला गर्न पछि नपरेको महसुस गरिएको थियो।

नेपाली क्रिकेट टोलीका केही खेलाडीले व्यक्तिगत रुपमा उल्लेखनीय खेल प्रदर्शन गरेका थिए। तीन खेलमा हारेर प्रतियोगिताबाट बाहिरिसकेको नेपाली टिमले स्कटल्याण्डलाई सात विकेटले पराजित गरेर निरास भएका क्रिकेट प्रेमीहरूलाई पुनः उत्साहित बनाएको थियो। स्कटल्याण्डविरुद्ध विष्फोटक ब्याटिङ गरेर दिपेन्द्रसिंह ऐरीले मुलुककै लागि पहिलोपटक विश्वकपमा म्यानअफ दि म्याच पुरस्कार पाउनु भएको थियो। यसअघि विश्वकपको पहिलो खेलमै नेपाली टोली क्रिकेटको जन्मदाता तथा दुईपटक विश्व विजेता बनिसकेको इङ्ग्ल्याण्डलाई कडा चुनौती दिँदै चार रनको अन्तरले मात्र पराजित भएको थियो। त्यो ऐतिहासिक खेलले क्रिकेटप्रेमी दर्शकहरूको मन जितेको थियो। उक्त खेलमा नेपाली खेलाडीहरूको उच्च मनोबलको अन्तरराष्ट्रिय टेलिभिजन प्रत्यक्ष प्रसारणका कमेण्टेटरहरूले खुलेरै प्रशंसा गरेका थिए।

नेपाली टिमले यस वर्ष विश्वमै शक्तिशाली टिमको रुपमा परिचय बनाएको वेष्ट इण्डिजलाई 'टी ट्वाण्टी' त्रि-दिवसीय क्रिकेट शृङ्खलामा पराजित गरेर उपाधि हात पार्नुलाई पनि महत्वपूर्ण उपलब्धि मानिएको छ। संयुक्त अरब इमिरेटसको सारजहाँमा भएको उक्त शृङ्खलामा नेपालले तीनमध्ये दुई खेल जितेको थियो। यसबाहेक अन्य विभिन्न मुलुकका टिमसँग भएको जित पनि प्रशंसनीय छ।

### करोडौं कमाइ

नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्वपूर्ण माध्यमका रुपमा छोटै समयमा स्थापित हुन सफल नेपाल प्रिमियर लिग एनपिएल क्रिकेटको दोस्रो संस्करणमा नेपाल क्रिकेट सङ्घ क्यानले रु ४७ करोड ३६ लाखभन्दा बढी आम्दानी गर्नुलाई नेपालमा क्रिकेटको बढ्दो लोकप्रियतासँग तुलना गर्न सकिन्छ। निजी क्षेत्रको करोडौं लगानीमा बनाइएका फ्रेन्चाइज टिमहरूमा स्वदेश तथा विदेशका खेलाडीहरूको एकसाथ सहभागिता सो प्रतियोगिताको विशेषता रहेको थियो।

एनपिएलमा सहभागी प्रत्येक टिमले ठूलो लगानी गरी विश्व क्रिकेट जगतमा आफ्नो पहिचान बनाइसकेका खेलाडीहरूलाई भित्र्याएका थिए। स्वदेशी खेलाडीहरूले समेत लाखौं रुपैयाँ पारिश्रमिक लिएर खेल्ने मौका पाएका थिए। यस्तो व्यावसायिक अभ्यास फुटबल, भलिबल, कबड्डीजस्ता खेलमा समेत हुँदै गएका छन्। आगामी दिनमा बढाउँदै अन्य खेलमा समेत यस्तो व्यावसायिक अभ्यास विस्तार गर्न सकिएको खण्डमा नेपालमा खेलेर बाच्न सकिने अवस्थाको सिर्जना गर्न केही हदसम्म कम गर्न सहयोग पुग्न जानेछ। यसले आगामी दिनमा खेलाडीहरू रोजगारका लागि विदेशिने क्रम कम गर्न सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ। रु २१ करोडभन्दा बढी खर्च भएको एनपिएल क्रिकेटबाट मात्र क्यानलाई नौ करोड रुपैयाँभन्दा बढी बचत गर्ने मौका मिलेको छ।

### पूर्वाधार तयार

काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट रङ्गशालाको स्तरोन्नति पनि यस वर्षको खेलकुदको उपलब्धि मानिएको छ। यसबाट मैदानस्तरीय हुनुका साथै दर्शकहरूको सिट क्षमतासमेत बढ्न गएको छ। राति पनि फ्लडलाइटको प्रकाशमा क्रिकेट प्रतियोगिता सञ्चालन हुनु अर्को ऐतिहासिक काम भएको छ।

नेपालमा अब अन्तरराष्ट्रियस्तरका क्रिकेट प्रतियोगिता राति पनि सञ्चालन गर्न सम्भव भएपछि आगामी दिनमा नेपाल अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजनाका लागि उपयुक्तस्थलका रुपमा विकास हुँदै जाने अपेक्षा गरिएको छ। दशौं हजार दर्शकलाई बस्ने सिटको व्यवस्था हुनुले धुले चौरमा बसेर क्रिकेट हेर्ने बानी परेका नेपाली दर्शकहरूलाई निकै राहत मिलेको छ। मूलपानीमा बनाइएको क्रिकेट मैदानमा पनि अन्तरराष्ट्रिय प्रतियोगिताहरू बेलाबखत भइरहेका छन्।

### महिलाको सफलता

नेपाली महिला क्रिकेट टोलीले पनि २०८२ सालमा आफूलाई सशक्त टिमका रुपमा प्रस्तुत गरेको थियो। महिला टोलीले पहिलोपटक टि ट्वाण्टी विश्वकप प्रवेशका लागि छनोट प्रतियोगितामा सफलता भने हात पर्न नसके पनि दाबेदारी प्रस्तुत गरेको थियो। महिला क्रिकेट टोली थाइल्याण्डको बैंककमा सन् २०२५ को मे महिनामा भएको एसियाली छनोटमार्फत शीर्ष दुईमा आफ्नो स्थान सुरक्षित गर्न सफल भएको थियो। त्यतिखेर उपविजेता बनेको नेपालले संयुक्त अरब इमिरेटस्लाई पराजित गर्दै विश्वव्यापी छनोटमा आफ्नो स्थान सुरक्षित गरेको थियो। नेपाली महिला टोलीले टि ट्वाण्टी अन्तरराष्ट्रिय शृङ्खलामा मलेसियालाई उनीहरूकै गृह मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो। प्रतियोगितामा सञ्चालन गरिएका पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि कब्जामा लिएको थियो।

### नेत्रहीन पनि अगाडि

नेपालका नेत्रहीन खेलाडीहरूले क्रिकेटमा छोटै अवधिमा उल्लेखनिय प्रगति गरेका छन्। पुरुष नेत्रहीन खेलाडीहरूले केही वर्षअघि नै विश्वकपसम्म प्रतिस्पर्धा गरिसकेका छन्। नेपाली महिला टोलीले भारततथा श्रीलङ्कामा यसै वर्ष भएको पहिलो नेत्रहीन महिला टि ट्वाण्टी क्रिकेट विश्वकपमा उपविजेता बनेर ऐतिहासिक उपलब्धि हासिल गरेको थियो। नेपाल फाइनलमा भारतसँग सात विकेटले पराजित भएको थियो। कप्तान गीता पौडेलको नेतृत्वमा रहेको उक्त टिमलाई नेपाल क्रिकेट सङ्घले रु १० लाख पुरस्कार प्रदान गरेर प्रोत्साहित गरेको थियो। यस्तै काठमाडौं महानगरपालिकाले टिमका खेलाडीहरूलाई जनही एक लाख नगद पुरस्कार प्रदान गरेको थियो।

### करातेमा कीर्तिमान

नेपाली कराते खेलाडीहरूमध्ये सबैभन्दा सफल मानिएकी खेलाडी एरिका गुरुङको दोस्रोपटक विश्वस्तरीय प्रतियोगितामा रजत पदक प्राप्तिबाट २०८२ सालको सुखद अन्त्य हुन पुग्यो। चीनको सिचुवान प्रान्तमा भएको वर्ल्ड कराते फेडेरेशन डब्लु के एफ कराते वान प्रिमियर लिगमा उहाँले दोस्रोपटक रजत पदक पाउनु भएको थियो। काजकिस्तानकी सोफिया बेरुल्तसेभासँग भएको फाइनल प्रतिस्पर्धात्मक भिडन्तमा झिनो अन्तरले एरिकाको पराजय भएको थियो। यसअघि टर्कीको इस्तानबुलमा पनि एरिका सोही प्रतियोगिताको फाइनलमा उही खेलाडीसँग पराजित भएर रजत पदकमा सीमित हुनु परेको थियो। नेपाली कराते खेलाडी एरिका गुरुङले मुलुकलाई केही वर्षदेखि विभिन्न महत्वपूर्ण पदक दिलाउँदै आफूलाई अब्बल कराते खेलाडीका रुपमा प्रस्तुत गर्दै आइरहनुभएको छ। प्रशिक्षक कुशल श्रेष्ठको प्रशिक्षणमा एरिकाले तीन वर्षको अवधिमै विभिन्न महत्वपूर्ण अन्तरराष्ट्रिय पदक जितिसक्नुभएको छ। एरियाले २०८२ सालमा लगातार जित्नुभएको रजत पदक नेपालले कराते खेलमा हालसम्म जितेको सबैभन्दा ठूलो अन्तरराष्ट्रिय उपाधि मानिएको छ। अस्ट्रेलियन ओपन करातेजस्तो प्रतिष्ठित प्रतियोगितामा समेत स्वर्ण पदक जित्न सफल एरिकाले सन् २०२३ मा चीनको हान्झाउमा भएको एसियाली खेलकुदमा रजत पदक जितेर एसियाली खेलकुदमा रजत पदक जित्ने पहिलो नेपाली कराते खेलाडी बन्न सफ हुनुभएको थियो। अन्य केही कराते खेलाडीले पनि यसपालि स्वदेशमा पदक भित्र्याएका थिए।

### ताइक्वाण्डोमा सम्मानित

नेपालका ताइक्वाण्डो प्रशिक्षकलाई विश्वस्तरमै सम्मानित गरिएको प्रसङ्ग पनि उल्लेखनीय मानिएको छ। संयुक्त अरब इमिरेटसमा आयोजित विश्व ताइक्वाण्डो गला अवाड्समा नेपाली प्रशिक्षक कविराज नेगी लामालाई पारा ताइक्वाण्डो 'कोच अफ दि इयर सन २०२५' द्वारा सम्मानित गरिएको थियो। प्रशिक्षक लामाकै प्रशिक्षणमा नेपाली खेलाडी पलेशा गोवर्द्धनले पेरिसमा सन् २०२४ मा नेपालको लागि पहिलो पारा ओलम्पिक पदक जित्नुभएको थियो। उहाँकै प्रशिक्षणमा नेपाली खेलाडी रेणु तामाङले सन् २०२५ मा दुबईमा आयोजित युथ एसियन पारा खेलकुदमा कास्य पदक पाउनुभएको थियो। वैदेशिक प्रतिस्पर्धामा ताइक्वाण्डोमा यस वर्ष पनि केही पदक प्राप्त भएका थिए।

### बक्सिङको महत्वपूर्ण पदक

विश्व बक्सिङ च्याम्पियनसिपमा नेपालले यसै वर्ष पहिलोपटक पदक जित्न सफल भएको थियो। नेपालले सन् १९६४ मा पहिलोपटक ओलम्पिकमा बक्सिङ तथा एथलेटिक्समा भाग लिएर सहभागिता प्रारम्भ गरेको थियो। नेपालले विश्व बक्सिङ च्याम्पियनसिपमा पनि यसअघि विभिन्न पटक सहभागिता जनाइसकेको छ। तर यसवर्ष नेपालले पदक जित्नु सानो उपलब्धि होइन। संयुक्त अरब इमिरेटसमा भएको आइवा पुरुष विश्व च्याम्पियनसिप बक्सिङमा नेपालका मुक्केबाज चन्द्रबहादुर थापाले पहिलो पटक कास्य पदक जित्न सफल हुनु भएको थियो। ५४ केजी तौल समूहमा मुक्केबाज थापाले अर्मेनिया, इण्डोनेसिया र इरानका खेलाडीलाई पराजित गर्दै कास्य पदकको हकदार बन्नुभएको थियो। विश्व वरियतामा सातौं स्थानमा रहेका कजाकस्तानका खेलाडीसँग उहाँ पराजित हुनुभएको थियो।

### ४१ वटा विश्वस्तरीय पदक

विसं २०८२ मा नेपालले पहिलोपटक विश्वस्तरीय प्रतियोगितामा अत्यधिक पदक जितेर कीर्तिमान कायम गरेको थियो। श्रीलङ्कामा भएको विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा नेपालको तर्फबाट भाग लिएका पुरुष तथा महिला खेलाडीहरूले कूल ४१ वटा पदक जितेर ऐतिहासिक उपलब्धि हासिल गरेको मान्न सकिन्छ। यसमा २६ स्वर्ण, १० रजत तथा पाँच कास्य पदक थिए। नेपाली खेलाडीहरूमध्ये डा जीतेन्द्रकुमार साह र तथा भेषकुमारी अस्लामीले दोहोरो स्वर्ण पदक जित्नुभएको थियो। यस प्रतियोगितामा नेपाली महिला तथा पुरुष दुवै टोली उत्कृष्ट टोली बन्न सफल भएको थियो। प्रतियोगिताका महिला सहभागीहरूमध्ये नेपालको प्रतिनिधित्व गर्नुभएका शर्मिला शाह सिनियरतर्फ तथा कल्पना खत्री जुनियरतर्फ बेष्ट लिफ्टर बन्न सफल हुनु मुलुकको खेलकुदका लागि गौरबमय क्षण थियो। यसबाहेक अन्य केही खेलमा पनि नेपाली खेलाडीहरूले अन्तरराष्ट्रिय सफलता प्राप्त गरेका छन्।

### फुटबलमा झेल

२०८२ साल नेपाली फुटबलमा खासै उपलब्धि हासिल हुन नसके पनि नेपाली फुटबल क्षेत्रमा देखिएको आपसी विवाद चर्चामा भने रह्यो। अखिल नेपाल फुटबल सङ्घ (एन्फा) तथा एन्फामा आबद्ध विभिन्न फुटबल क्लबबीचको मनोमालिन्यले फुटबल गतिविधि सञ्चालन हुन पाएन। एन्फाको वर्तमान कार्यसमितिको पदावधि समाप्त हुनुभन्दा अगाडि नै गर्न खोजिएको निर्वाचन विवादको जड थियो, जसले एन्फालाई निलम्बनको स्थितिसम्म लगेको थियो। राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई तीन महिनाका लागि निलम्बन गरेपछि नेपाललाई फिफाले नै निलम्बन गर्नसक्ने स्थिति सिर्जना हुनु मुलुकको फुटबल विकासका लागि उचित होइन।

फिफाले एन्फालाई निलम्बन गरेमा नेपालको फुटबल विकासका लागि प्राप्त हुँदै आएको आर्थिक तथा प्राविधिक सहयोगको ढोका पनि बन्द हुन जानेछ। त्यसपछि नेपाल विश्वको फुटबल गतिविधिबाट स्वतः टाढिने सम्भावना आकलन गर्न सकिन्छ, जसको असर दीर्घकालीन रुपमा पर्न जाने निश्चित छ। एन्फाभित्रकै आपसी विवादकै कारण नेपाली महिला राष्ट्रिय फुटबल टोलीले थाइल्याण्डमा आयोजित फिफा सिरिज-२०२६ अन्तर्गत अन्तरराष्ट्रिय मैत्रीपूर्ण सिरिज खेल्ने अवसर गुमाएको थियो। परिषद् तथा एन्फाबीचको विवाद तथा दशरथ रङ्गशालाको खराव अवस्थाको कारण एसियाली फुटबल महासङ्घले एएफसी एशियाकप २०२७ को छनोट खेल नेपालमा नगरी लाओसमा सारेको थियो। यसअघि नेपाल र हङकङबीचको मैत्रीपूर्ण खेल पनि नेपालमा हुन सकेको थिएन।

### लिग स्थगितपछि अन्योल

नेपालमा लामो समयदेखि शहीद स्मारक लिग फुटबल प्रतियोगिताको आयोजना हुँदै आइरहेको थियो। समग्र मुलुककै फुटबल विकासमा यस्ता महत्वपूर्ण प्रतियोगिताको योगदान रहेको छ। धेरै समय अवधिसम्म सञ्चालन हुने यस्ता प्रतियोगितामा खेलाडीहरूले धेरै खेलमा आफ्नो खेल कौशल देखाउने अवसर पाउँछन्। मुलुकमा व्यावसायिक खेलको विकासका लागि यसको योगदानलाई नकार्न सकिंदैन। निजी क्षेत्रका नेपाली फुटबल क्लबहरूले खेलाडीहरूलाई खेलेरै बाच्न सकिने अवस्थाको सिर्जना गर्नु सानो पहल होइन। अझ यसमा विदेशी खेलाडीलाई समेत समेटेर खेलको स्तर बढाउन क्लबहरूले प्रयास गरेका छन्।

नेपालमा अझैसम्म खेलकुदमा लगानीका लागि उपयुक्त वातावरण नबनिसकेको अवस्थामा साधन र स्रोत जुटाउनु त्यति सहज छैन। पुरुषहरूको लिग फुटबल लामो समयदेखि सञ्चालन हुँदै आएको तथा हाल महिला लिग पनि सुरु हुनु सकारात्मक मान्न सकिन्छ। यस्तो अवस्थामा पुरुष तथा महिला दुवै लिग स्थगित हुनु उचित होइन। एन्फाले प्राविधिक कारण देखाउँदै लिग स्थगित गरेसँगै लिगमा खेलिरहेका विदेशी खेलाडीहरूको सहभागिता सम्बन्धमा अध्यागमन विभागले चालेको कदमले पनि क्लबहरू अन्यौलमा परेका छन्। कुनै पनि विदेशी खेलाडीहरूलाई श्रम स्वीकृति बिना राष्ट्रिय लिगमा खेलाउन नपाइने भएपछि ती खेलाडीहरूको निरन्तरताको समस्या उत्पन्न भएको छ।

### साम्भाप्रतिको सद्भाव

नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी साम्भाको घुँडामा लागेको गम्भीर चोटको उपचारका लागि फुटबलप्रेमीहरूले देखाएको सद्भाव पनि यो वर्ष चर्चित भयो। साम्भाले आफ्नो उपचारका लागि सहयोग गर्न आग्रह गर्नुभएको २४ घण्टाभित्रै मुलुक तथा विभिन्न देशबाट आवश्यक रकम जुटेको थियो। उहाँको उपचारका लागि नेपाली बैंक खातामा रु एक करोडभन्दा बढी रकम तथा विदेशी प्लेटफर्ममा रु ४५ लाख जम्मा भएको थियो। साम्भाले आफू अझ मजबुत भएर फर्किएर नेपाली जर्सीमा देशका लागि जित्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। साम्भा यसअघि फ्रान्समा स्थानीय क्लबसँग आबद्ध रहनुभएको थियो। नेपाली टिमको नेतृत्व सम्हालिसक्नुभएकी एन्जिला सुब्बा तुम्बापो ग्रिस तथा रेखा पौडेल साउदी अरेबियामा खेलिसक्नुभएको छ। जोर्डनमा व्यावसायिक खेल खेलेर आफ्नो क्लबलाई उपाधि दिलाउन सफल प्रिति राई पछिल्लोपटक कम्बोडियाको क्लबसँग आबद्ध हुनुभएको छ।

### ओलम्पिक कमिटीको तालाबन्दी

ललितपुरको सातदोबाटोस्थित नेपाल ओलम्पिक कमिटीको कार्यालयमा लामो अवधिसम्म ताला लगाइएको घटनाले पनि २०८२ सालमा नेपाली खेलकुद जगत्लाई तरङ्गित गरेको थियो। नेपाली खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद् तथा अन्तरराष्ट्रिय खेलकुदमा नेपालको प्रतिनिधित्व गर्ने नेपाल ओलम्पिक कमिटीबीच यसअघि पनि विवाद भएका थिए तर यसपालिको विवादले जापानमा आगामी सेप्टेम्बरमा हुने एसियाली खेलकुदमा नेपालको सहभागिता झण्डै गुमेको थियो। अहिले दुवै पक्षबीच विवाद समाधान भई एसियाली खेलकुदमा नेपालको सहभागिता सुनिश्चित भएको छ। आगामी दिनमा पुनः सम्बन्धित निकायहरूबीच आपसी सदभाव बिग्रन नदिन उचित पहल हुनुपर्ने आवश्यकता छ।

### रोकिएको राष्ट्रिय खेलकुद

नेपालमा राष्ट्रिय खेलकुदको सुरुआत भएको चार दशक नाघिसकेको छ। तर प्रत्येक दुई-दुई वर्षमा हुनुपर्ने राष्ट्रिय खेलकुद हालसम्म नवौं संस्करणपछि हुन सकेको छैन। नेपाली खेलकुद इतिहासमा सबैभन्दा बृहत् खेलकुद महोत्सव मानिएको राष्ट्रिय खेलकुदको दशौं संस्करण २०८२ सालमा कर्णाली प्रदेशमा आयोजना गर्ने निश्चित गरिएको थियो। यस प्रकारको बृहत् खेलकुदका लागि सो प्रदेशका विभिन्न जिल्लामा भौतिक पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गरिएको थियो। यसअघि पनि कर्णाली प्रदेशमा निश्चित गरिएको दशौं राष्ट्रिय खेलकुदको मिति सारिएको थियो। यसरी पटकपटक राष्ट्रिय खेलकुद सारिनाले खेलाडीहरूको सक्रिय खेल जीवनलाई

बाँकी ३ पेजमा

## विश्व

# मध्यपूर्व युद्धबारे छलफल गर्न रूसी विदेशमन्त्री चीनमा

**बेइजिङ, १ वैशाख।**

रूसका विदेशमन्त्री सर्गेइ लाभ्रोभले मध्य-पूर्व युद्धको विषयमा सहयोग गर्ने उदेश्यले चिनियाँ राजधानी पुगेको रूसी विदेश मन्त्रालयले जनाएको छ।

चीनले मङ्गलबार भियतनामको टो लाम र अबु धाबीका राजकुमार मोहम्मद बिन जायद अल नाह्यानसहित युद्धको कारण प्रभावित भएका देशका नेताहरूलाई छलफलका लागि आमन्त्रण गरेको जनाएको छ।

लाभ्रोभले चिनियाँ शीर्ष कूटनीतिज्ञ वाङ्ग यीसँग वार्ता गर्ने जनाइएको छ जसमा द्विपक्षीय सम्बन्धको विकास, विभिन्न क्षेत्रमा सहयोग, र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयहरुमा छलफल र स्थिति समन्वय गर्ने चिनियाँ विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ। रूसी विदेश मन्त्रालयले युक्रेनको युद्ध र मध्यपूर्वको अवस्थाबारे छलफल गर्ने पनि बताएको छ।

बेइजिङ र मस्को घनिष्ठ आर्थिक र राजनीतिक साझेदार हुन्, भने सन् २०२२ मा रूसले युक्रेनमा आक्रमण गरे पछि सम्बन्ध अझ मझभुत भएको जनाइएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ। विभिन्न कामका अवसर प्राप्त हुनेछन्।

**वृष**: सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ। शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि कर्मसञ्चय गर्ने समय छ।

**मिथुन**: विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला। परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ।

**कर्कट**: सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौती निम्त्याउन सक्छ।

**सिंह**: माहोल रमाइलो रहनेछ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।

**कन्या**: मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्।

**तुला**: छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला।

**वृश्चिक**: आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। अवसर मिले पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ।

**धनु**: योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ।

**मकर**: प्रयत्न गर्दागर्दै पनि केही कमजोरी देखा पर्न सक्छन्। आलोचकहरूबाट पनि केही सजग रहनुपर्ला। मौकामा प्रयत्न गर्दा काम बन्नेछ।

**कुम्भ**: विशेष अवसर अथवा रमाइलो परिस्थितिका बीच पनि सानो चिन्ताले पिरोल्न सक्छ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**मीन**: बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ। अर्थअभावले विशेष काम रोकिन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ।

# सुदूरमा ठूला विकास आयोजना प्रभावित

**युग संवाददाता**
**महेन्द्रनगर, १ वैशाख ।**

पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्तिमा देखिएको समस्याका कारण सुदूरपश्चिमा ठूला विकास आयोजनाको काम प्रभावित बनेका छन् । निर्माण व्यवसायीहरूले आफूसित मौज्दात रहेको इन्धनबाट काम गरिरहेको भए पनि इन्धनमा भएको मूल्य वृद्धि र अभावका कारण आयोजनालाई अगाडि बढाउन समस्यामा परेका बताइएको छ ।

यहाँको सेती राजमार्ग दक्षिण खण्ड (टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजना)को काम बन्द हुने अवस्थामा पुगेको आयोजना प्रमुख रामकुमार देवले बताए । "निर्माण व्यवसायीसित भएको मौज्दात इन्धन सकियो अब काम रोकिने अवस्थामा गइसक्यो", उनले भने, "ट्र्याक खोल्न प्रयोग भएका ठूला उपकरण पनि रोकिसके ।" दुई सय चार किलोमिटरका उक्त आयोजना २०७४ सालदेखि सुरु भएको हो । आयोजनाअन्तर्गत ३५ किलोमिटर ट्र्याक खोल्न बाँकी छ । हालसम्म कूल दश किलोमिटर खण्ड कालोपत्रे भएको छ । आयोजनाअन्तर्गत डोटी, अछाम र कैलालीमा विभिन्न प्याकेजमा काम भइरहेको आयोजना प्रमुख देवले जानकारी दिए ।

"चालु आर्थिक वर्षमा सात किमी कालोपत्रे भयो", उनले भने, "कालोपत्रे गर्न बिटुमिनको अभाव छ", चालु आवमा उक्त आयोजनाका लागि सरकारले रु २५ करोड रकम विनियोजन गरेको उनको भनाइ छ", काम सुस्त भयो । बन्द हुने अवस्था छ । मेसिनरी बन्द हुने अवस्थामा छन्", उनले भने, "महँगो पनि पाउन गाह्रो पनि भयो ।"

पेट्रोलियम पदार्थ मूल्य वृद्धिपछि निर्माण व्यवसायीहरूले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिन थालेका छन् । सुदूरपश्चिमकै गौरवको महाकाली सिँचाइ तेस्रो चरण आयोजनासमेत यसको प्रभाव परेको छ । सिँचाइको मूल नहर निर्माणका लागि सात प्याकेजमा ठेक्का सम्झौता भएर काम भइरहेको भए पनि अहिले निर्माण व्यवसायीहरूले कार्यालयमा मूल्यवृद्धिले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिएको महाकाली सिँचाइ तेस्रो चरण आयोजना कार्यालयका सूचना अधिकारी यादव बरालले जानकारी दिए ।

उनका अनुसार कार्यालयले नदी नियन्त्रणका लागि ठेक्का लगाए पनि तारजालीको मूल्य वृद्धिका कारण काम हुन सकेको छैन । "मूल्यवृद्धिका कारण नदी नियन्त्रणका लागि ठेक्का भएको काम हुनज सकेको छैन, यसले बर्सातमा समस्या पार्छ कि भन्ने डर छ ।" सूचना अधिकारी बरालले भने, "पेट्रोलिय पदार्थमा मूल्यवृद्धि भएपछि निर्माण व्यवसायीहरूले पनि कार्यालयमा निवेदन दिएका छन ।"

त्यसैगरी महाकाली करिडोरको काम पनि मूल्य वृद्धिको असरको चपेटामा छ । तेह्र वटा प्याकेजमा ठेक्का भई कञ्चनपुरदेखि दार्चुलाको तिङ्करसम्मको करिडोरको निर्माण भइरहेको भए पनि पछिल्लो समय निर्माण व्यवसायीले महँगी बढेको जनाउँदै काम गर्न छाडेका छन् ।

महकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-तिङ्कर) सडक योजना कार्यालयका सूचना अधिकारी दिनेश रैखोलाले इन्धन, बिटुविनलगायतका सामग्रीको भएको मूल्यवृद्धिका कारण करिडोरको काम प्रभावित बनेको बताए । चार सय २५ किलोमिटर खण्डको उक्त करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५६, बैतडीमा १४४ र दार्चुलामा १२० किलोमिटर सडक पर्छ । दार्चुलामा ७९ किलोमिटर सडकको ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ । निर्माण व्यवसायीले मूल्यवृद्धि समायोजन नहुँदासम्म काम गर्न नसकिने बताउँदै सरकारलाई मूल्यवृद्धि समायोजनको माग गरेका छन् ।

निर्माण व्यवसायी कञ्चनपुरका अध्यक्ष पुष्पराज अवस्थीले निर्माण व्यवसायीहरूले निर्माण उद्योगमा आपत्काल घोषणाको माग गरिएको बताए । उनले भने, "निर्माण व्यवसायीहरूले घरदेख बेचेर काम गनुपर्ने अवस्था आएको छ ।" सङ्घमा आबद्ध कञ्चनपुरका ६०० बढी निर्माण व्यवसायीहरूले बजारमा देखिएको मूल्यवृद्धि र सामग्री अभावका कारण काम गर्न नसकिने बताउँदै निर्माण होलिडेको तयारी गरिरहेको उनले बताए ।

# एमटी एरिना प्रथम खजुरा गोल्डकप प्रतियोगिता सुरु

**युग संवाददाता**
**बाँके, १ वैशाख ।**

जिल्लाको खजुरामा रु सात लाख राशिको एमटी एरिना प्रथम खजुरा गोल्डकप-प्रतियोगिता सुरु भएको छ । न्यू डाँफे स्पोर्ट्स क्लबको आयोजनामा सोमबारदेखि सुरु भएको प्रतियोगिताका विजेताले नगद रु सात लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले नगद रु चार लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

विजेता पुरस्कार खजुरावासी हाल अमेरिका निवासी लीलबहादुर थापाको सौजन्यमा प्रदान गरिने आयोजक न्यू डाँफे स्पोर्ट्स क्लबका अध्यक्ष बालाराम खत्रीले जानकारी दिए । प्रतियोगिताको औपचारिक उद्घाटन खजुरा गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर विकले गरेका थिए ।

खजुरा-४ डीगाउँस्थित मिनी रङ्गशालामा भएको प्रतियोगिताको उद्घाटन खेलमा सङ्कटा फुटबल क्लब, काठमाडौँलाई १-० ले पराजित गर्दै गोर्खा ब्वाइज स्पोर्ट्स क्लब, बुटवल (रुपन्देही)ले विजयी सुरुआत गरेको छ । खेलको पहिलो हाफमै कप्तान नीराजन खत्रीले १३औँ मिनेटमा गरेको एकमात्र निर्णायक गोल खेलको परिणाम बन्न पुग्यो । गोर्खा ब्वाइजले सुरुदेखि आक्रामक खेल प्रदर्शन गर्दै सङ्कटा माथि दबाब सिर्जना गरेको थियो ।

दोस्रो हाफमा सङ्कटा खेलमा फर्किने प्रयासमा देखिए पनि गोर्खा ब्वाइजको सुदृढ डिफेन्स तोड्न नसक्दा खेल १-० मै समाप्त भएको थियो । प्रतियोगितामा गोर्खा ब्वाइज स्पोर्टस् क्लब बुटवल, सङ्कटा स्पोर्ट्स क्लब काठमाडौँ, आयोजक न्यू डाफे स्पोर्ट्स क्लब बाँके, जेविएम फुटबल एकेडेमी लखनउ, काँक्रेविहार क्लब सुर्खेत, फोर ब्रदर्श एफसी नवलपरासी, एपिएफ काठमाडौँ र नाइजेरियन जोन क्लब नाइजेरिया गरी आठ टोलीको सहभागिता छ ।

# २०८२ सालको...

प्रभावित पर्न गएको छ ।

**अन्त्यमा,**

२०८२ सालमा नेपाली खेलकुदले सामना गरेका कमी कमजोरीलाई नयाँ वर्ष २०८३ मा सुधार गर्दै विगतका दोहोरिन नदिन नेपालको खेलकुदको जिम्मेवार निकायहरू प्रयत्नशील हुनुपर्ने देखिएको छ । खेलकुदमा राजनीति हुनुहुँदैन । यसका हरेक गतिविधि पारदर्शी ढङ्गबाट अघि बढनुपर्छ । दूरगामी सोचबिना खेलकुदको समग्र विकास सम्भव नभएकाले यसलाई स्कूलस्तरदेखि नै जोड्न सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । यस्तै ओलम्पिक, एसियाली तथा दक्षिण एसियाली खेलकुदजस्ता महत्वपूर्ण खेलकुद प्रतियोगिता लक्षित गरेर पदक प्राप्तिको दीर्घकालीन योजना बनाउन पनि सम्बन्धित पक्षले प्राथमिकता दिनुपर्ने देखिन्छ ।

खेलकुदलाई रोजगारमूलक बनाई नेपालमा खेलेर पनि बाँच्न सकिने स्थितिको सिर्जना गर्न सरकारी अग्रसरता अपेक्षित मानिएको छ । यसो हुनसकेको खण्डमा मुलुकबाट बर्षेनी विदेशमा पलायन भइरहेका खेलाडीलाई रोक्न सकिने अवस्थाको वातावरण बन्न सक्दछ । खेलकुदको समयोचित विकासका लागि सरकारको प्रयासबाट सम्भव नहुने भएकोले निजी क्षेत्रसँगको साझेदारी नै आजको आवश्यकता हो ।

*(लेखक खेल पत्रकार हुन्)*

# गहुँको उत्पादन लागत बढ्यो, समर्थन मूल्यले लागत उठेन

**युग संवाददाता**
**कञ्चनपुर, १ वैशाख ।**



सरकारले तोकेको गहुँको समर्थन मूल्यप्रति किसानले असहति जनाएका छन । सरकारले यस वर्ष गहुँको समर्थन मूल्य रु तीन हजार ९४५ तोकेको छ । तर महँगीको मारमा परेका किसान सरकारले तोकेको गहुँको समर्थन मूल्यबाट लागतसमेत नउठ्ने भएपछि चिन्तित बनेका छन् । पछिल्लो समय पेट्रोलिय पदार्थमा भएको मूल्यवृद्धिका कारण उत्पादन लागत बढ्दै गएको अवस्थामा सरकारले तोकेको मूल्यले लागतसमेत नउठ्ने किसानहरूको गुनासो छ ।

"गत वर्षको तुलनामा जोताइदेखि थ्रेसिङसम्मको खर्च बढेको छ ।" कञ्चनपुरको भीमदत्त नगरपालिका-१६ का राजेश रानाले भने, "सरकारले तोकेको मूल्यले हाम्रो लगानी पनि उठ्दैन अन्य वस्तुको जस्तै किसानको उत्पादनको पनि मूल्य बढ्नुपर्छ ।" पाँच कट्ठा खेत अधिया लिएर गहुँखेती गरेका रानाले किसानले उत्पादनको उचित मूल्य कहिल्यै नपाउने गरेको बताए । सरकारले गहुँको मूल्य तोके पनि कञ्चनपुरस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले किसानको गहुँ खरिद नगर्दा किसानहरू मर्कामा परेका छन् । "सरकारले मूल्य त तोक्यो किसानको गहुँ खरिद गर्न सुरु गरेको छैन ।" यहाँको दोधारा चाँदनी-२ का अनिता बोगटीले भने, "सरकारले समयमा समर्थन मूल्य नतोक्ने र गहुँ खरिदमा ढिलाइ गरेका कारण किसानले बाध्य भएर सस्तोमा गहुँ बिक्री गर्नपरेको छ ।"

सरकारले समयमै गहुँको समर्थन मूल्य नतोक्ने र तोके पनि पनि झन्झटिलो तथा खरिद प्रक्रियामा ढिलाइजस्ता समस्याले विचौलियाले किसानको उत्पादन सस्तोमा खरिद गर्ने गरेको यहाँका स्थानीय विष्णु जोशी बताउँछन । "हामीसँग उत्पादन गरेको गहुँ भण्डारण गर्ने ठाउँको अभाव छ, सरकारले समयमा खरिद गर्दैन", उनले भने, "अहिले झन लागत बढेको छ सरकारले तोकेको मूल्यले पनि हाम्रो लागत आउँदैन ।"

उनले सरकारले मूल्य तोक्दा बजारमा अन्य वस्तुको मूल्यवृद्धिलाई मध्यनजर गरेर किसानको उत्पादनको उचित मूल्य तोक्नुपर्ने बताए । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, महेन्द्रनगरका कार्यालय प्रमुख महिकरण महराले गहुँ खरिदको कोटा निर्धारण नहुँदा किसानबाट गहुँ खरिद गर्न नसकिएको बताए । "अहिलेसम्म यस केन्द्रबाट कति गहुँ खरिद गर्ने कोटा निर्धारण भएको छैन", उनले भने, "कोटा निर्धारण हुने बित्तिकै गहुँ खरिदका लागि सूचना निकाल्छौँ ।" कञ्चनपुरमा एक लाख ६१ हजार ७४१ हेक्टर कूल खेतीयोग्य जमिन रहेको छ । यसमध्ये ३१ हजार २१० हेक्टरमा गहुँखेती हुने गरेको छ ।

# शरीरमा आगो लागेर मृत्यु घटनामा थप दुई पक्राउ



**युग संवाददाता**
**नेपालगन्ज, १ वैशाख ।**

बाँकेको नेपालगन्ज उप महानगरपालिका-१२, कोरियनपुरमा शरीरमा आगो लागेर मृत्यु भएकी २२ वर्षीया सिर्जना बुढामगरको घटनापछि फरार रहेका थप दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रमेश विष्टले भारतीय प्रहरीको सहयोगमा उनीहरूलाई पक्राउ गर्न सफल भएको जानकारी दिए ।

उनका अनुसार पक्राउ पर्नेमा नेपालगन्ज उपमहानगरपालिका-१२ निवासी ५० वर्षीय रहमद ढपाली र उनका छोरा २१ वर्षीय मोहम्मद आदिल ढपाली रहेका छन् । यसअघि सो घटनामा संलग्न रहेको भन्ने पीडित पक्षको किटानी जाहेरीका आधारमा मोहम्मद आरिफ ढपाली, उनकी आमा र दिदीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । हाल पक्राउ परेका रहमद ढपाली मोहम्मदकै बुबा हुन् ।

बाँकेको नेपालगन्ज उप महानगरपालिका-१२, कोरियनपुरमा गत चैत २३ गते शरीरमा आगो लागेर मृत्यु भएकी २२ वर्षीया सिर्जना बुढामगरको घटनाबारे छानबिन गर्न प्रहरीले अनुसन्धान टोलीसमेत गठन गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीको नेतृत्वमा पाँच सदस्यीय अनुसन्धान टोली गठन भएको थियो । उनीहरू पक्राउ परेसँगै सो घटनामा पक्राउ हुनेको सङ्ख्या पाँच पुगेको छ ।

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०१ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता किन गर्ने ?
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८४८०५०७०६ मा सम्पर्क गर्नुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०१ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता किन गर्ने ?
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८५८०५१२२१ मा सम्पर्क गर्नुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

लेकबेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०१ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता किन गर्ने ?
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८५७८२३३३३ मा सम्पर्क गर्नुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान
कर्णाली प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०१ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता किन गर्ने ?
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, शारदा नगरपालिकाको नम्बर ०८८-५२०४३८ मा सम्पर्क गर्नुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०१ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता किन गर्ने ?
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, नम्बर ९८५८०४७३३३ मा सम्पर्क गर्नुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३ वैशाख ०१ गते)

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

व्यक्तिगत घटना दर्ता किन गर्ने ?
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइ, चौरजहारी नगरपालिकाको नम्बर ०८८-४०११४३ मा सम्पर्क गर्नुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

# शुक्लाफाँटामा स्वास्थ्य बिमा कार्यक्रममा न्यून सहभागिता

**युग संवाददाता**
**कञ्चनपुर, १ वैशाख ।** शुक्लाफाँटा नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रमबाट अपेक्षाअनुसार सर्वसाधारण लाभान्वित हुन सकेका छैनन् । नगरपालिकाको कूल जनसङ्ख्या ५५ हजार ८०६ रहेकोमा हालसम्म पाँच हजार ७५६ जना मात्रै बिमा कार्यक्रममा आबद्ध भएका छन् ।


जुन कूल जनसङ्ख्याको करिब १० दशमलव ३१ प्रतिशत मात्रै रहेको छ । स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टका अनुसार सङ्घीय सरकारमार्फत पाँच हजार ७२६ र नगरपालिका-१० को सहयोगमा ३० जना बिमा कार्यक्रममा समेटिएका छन् । उनले स्वास्थ्य बिमासम्बन्धी पर्याप्त जानकारी र यसले पुऱ्याउने फाइदाका बारेमा जानकारी नहुँदा नागरिक सहभागिता न्यून भएको पाइएको बताए ।

"धेरैलाई बिमाको फाइदा, प्रक्रिया र उपयोगबारे स्पष्ट जानकारी छैन", उनले भने, "अब बिमा अभिकर्तामार्फत व्यापक जनचेतना अभिवृद्धि गर्ने योजना बनाएका छौँ ।" उनका अनुसार, स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन इच्छुक नागरिकले तोकिएको बिमा दर्ता केन्द्र वा अभिकर्तामार्फत परिवारको विवरण पेस गर्नुपर्ने हुन्छ । नागरिकता वा परिचयपत्र, परिवार सदस्यको विवरण र आवश्यक कागजातसहित आवेदन दिएपछि वार्षिक प्रिमियम शुल्क रु तीन हजार ५०० बुझाइ बिमा सदस्यता लिन सकिन्छ । सामान्यतया एक परिवार(पाँच जना सम्मको)ले न्यून शुल्क तिरेर वार्षिक रूपमा रु एक लाखसम्मको स्वास्थ्य सेवा निःशुल्क वा सहुलियतमा पाउने व्यवस्था रहेको छ ।

बिमा कार्यक्रममा आबद्ध हुन केही चुनौती पनि देखिएका छन् । कतिपय नागरिकले बिमा प्रक्रिया झन्झटिलो भएको गुनासो गर्ने गरेका छन् । फाराम भर्ने प्रक्रिया, कागजात सङ्कलन, समयमै सेवा नपाउने चिन्ता, अस्पतालमा बिमा सेवा सहज नहुनुजस्ता कारणले पनि आकर्षण घटेको देखिन्छ । ग्रामीण क्षेत्रमा सूचना अभाव र पहुँचको कमी पनि प्रमुख समस्याका रुपमा रहेको छ ।

"स्वास्थ्य बिमा कार्यक्रमले दीर्घकालीन रूपमा नागरिकलाई आर्थिक सुरक्षा प्रदान गर्दछ", शाखा प्रमुख भट्टले भने, "आकस्मिक बिरामी पर्दा ठूलो खर्च बेहोर्नुपर्ने अवस्थाबाट जोगाउन बिमा प्रभावकारी माध्यम बन्न सक्छ, यसले उपचार खर्चमा राहत दिँदै गरिब तथा मध्यम वर्गीय परिवारलाई विशेष सहयोग पुऱ्याउने गर्दछ ।"

## घुयँत्रो



काँग्रेस दुई टुक्रा भयो गगनको जिद्दिले । २ मैनामात्रै पर्खिएर महाधिवेशन गरिदपएको भए ऐले दिनहु कानुनी र गैरकानुनी भनेर प्रेसविज्ञप्ति निस्किन्थेनन होला । तर चुनाबि परिणामले बढारिने परिणाम त फरक पर्थेन । यस्तो दुखद चुनाबि परिणाम निस्कँदानि काँग्रेसीहरु अँझै पनि मिल्ने बाटो डोरिएका छैनन । एकले अर्कोलाई दोषारोपण गर्ने र सदियौँदेखि काँग्रेस बनेर बसेका मान्छेहरुका सदस्यता खोसेर अब सबैलाई नयाँ सदस्यता दिने गगन थापाको घोषणाले पुराना सद्स्य जो पन्चायतकालदेखि सरकारको तारो बनेर जिवनमरणको जिम्मेवारी उठाएर सदस्य बनेका सदस्यताको समेत खिल्लि उडाउँदै नयाँ सदस्यता लिने मात्रै सदस्य अरु अर्थात गगन बाहेक अरुले दिएको वा सहि गरेको सदस्यताबाहेक अरु अमान्य हुनेगरि ऐले जुन निणर्य गरियो त्यो गगनका लागि त फाईदा होला किनभने उनको हस्ताक्षर विकेको देखिन्छ पाटिका लागि भने फाईदा नहुन सक्छ । काँग्रेस कै जस्तो खेल फेरि एमालेले खेल्दै गरेको कुरा सामाजिक सन्जालाँ छ्याप्छ्याप्ति भै रहेकोछ । महाधिवेशन गरेको ६ मैना पुग्दा नपुग्दै विशेष महाधिवेशनको कुरा गर्नेहरुले महाधिवेशनमा ओलिको पक्षमा भोट नदिएको भए के हुन्थ्यो । हिजाृ वलिले पाटिको विधान समेत संसोधनगरेर आफ्नो पक्षमा निर्णय गरि चुनाबमा आफ्नो विपक्षमा उमेदवारी दिए उसलाई पाटिबाट समेत निस्कासन गर्ने कुरा गर्दै विद्या भण्डारीले साधारण सदस्यता समेत नपाउने गरि निर्णय गर्दाऐलेका विशेष महाधिवेशनवाला कहाँ थिए र तिनले त्यसको किन विरोध गरेनन । जेनजी आन्दोलन पछिको विकसित राजनीतिक परिस्थिति र फागुन २१ को चुनाबमा पुराना दलहरुलाई लिँडको लगाएर दुईतिहाईको सरकार बनाएको रास्वपाले सम्भब त अबका १५ बर्ष कसैले च्याउन नसक्नेगरि आफ्नो कदम जमाउन थालेको आभाष हुँदैछ त्यसैले पनि अबका दिनमा पुराना दलबीच देखिएका असहमति मेटाउँदै प्रतिपक्षका नाताले कठोर भूमिका निभाउनु पर्नेमा काँग्रेस पाटि जुन हविगतमा गुज्रिँदैछ त्यै हविगत एमालेले रोज्न खोजेको देखिँदैछ । वलिलाई सरकारले पक्राउ गर्ने बित्तिकै सरकारको पक्षमा लागेर वलिलाई विशेष महाधिवेशनबाट फाल्ने खेलमा सक्रिय एमालेहरुको नियत पाटि कब्जा गर्ने देखिन्छ तर पनि उनिहरुले चाहेजस्तो सजिलो छैन ।किनभने वलिले पाटिमा यसरी कब्जन जमाएर बसेका छन कि यसकै प्रतिफलस्वरुप उनले विधान संसोधन गरेर अँझैपनि २५ बर्षसम्म पाटि र सरकार हाक्ने चाहना उनकोथियो । त्यसैकारण पनि झोलेहरु उनका निम्ति ज्यान हतेलिमा हालेर हिँडेका थिए । तर आमचुनाबले यसरी बढार्योकि विचरा एमालेहरु ऐले थिलोथिलो परेका छन । त्यसैत सदनमा प्रतिपक्षनै नरहने गरि बढारिएकाछन भने सरकार पक्ष दुई तिहाईको भएकाले उसले प्रतिपक्षले भनेको कुनैकुरा टेर्ने स्थितिमा देखिदैन । त्यसैले एमालेहरु धेरै नसिरिङ्गेउ विशेष महाधिवेशनका नाममा काँग्रेसको जुन हालत भा छ त्यै हालत तिमरकोनि होला । वलिले २५ बर्ष खान्छु भन्दैछ्न खान देउ । त्यतिबेलासम्म त घण्टीले अरुलाई जित्न दिनेवालानि छैन ।त्यसैले जनताले तिमरलाई ओछ्यान लाएर थुपुक्क सुत भन्याछ । सुतेर निन्द्रा पुर्याउ । काँग्रेस एमालेका दिन गए ।

## दुई ...

छ भने लालीघाट हुँदै कोटवाडा र कुमालगाउँ वडा १, २ र ३ सम्म ६ वर्षअघि सडकको ट्र्याक खुलिसकेको गाउँपालिकाका प्रवक्ता प्रदीप बोहोराले बताए । 'विकास भनेकै सडक रहेछ । सडक बनेपछि शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारजस्ता अरु सम्भावनाका ढोका पनि खुल्ने रहेछन्,' उनले भने ।

साविकका लालु, माल्कोट, कोटवाडा, कुमालगाउँ र रुप्सा ५ गाविस मिलेर बनेको नरहरिनाथ गाउँपालिका जिल्लाका अन्य पालिकाभन्दा भूगोलमा र जनसंख्या ठूलो स्थानीय तह हो । कूल १ सय ४३ दशमलव ८६ वर्गकिलोमिटर क्षेत्रफल भएको नररिहनाथको जनसंख्या २१ हजार ३ सय ६६ छ ।

गाउँमा सडक पुर्याउन जनप्रतिनिधि, समुदाय सबैको सक्रियता आवश्यक रहेको नरहरिनाथ-५ रुप्सा निवासी प्रतिनिधिसभा सदस्य कालीबहादुर सहकारीले बताए । उनी कांग्रेसबाट निर्वाचित समानुपातिक सांसद हुन् । उनले रुप्सासम्म सडक पुगेपछि त्यहाँबाट अछामको रामारोशन जान पनि सहज हुने बताए । रुप्साबाट ३ घण्टामै पैदल रामारोशन पुगिन्छ । गाडी चल्न थाले एक घण्टामै पुगिनेछ । उनले नरहरिनाथको लालीघाट हुँदै रुप्सा सडक पुगेपछि बडिमालिका जाने तीर्थयात्रीलाई पनि एक दिनको दुरी छोटिने बताए ।

*(कान्तिपुर)*

## सल्यानमा...

राजस्व संकलनका नाममा जिल्लाको शारदा नदीलगायत अन्य खोलाबाट विगतदेखि नै विकास निर्माणको नाममा गिटी, बालुवा उत्खनन भइरहेको छ । मापदण्डविपरीत एक्स्काभेटरलगायत उपकरणले खोलाजन्य वस्तु उत्खनन गर्दा जलचर प्राणी मासिँदै गएका छन् ।

मनपरी गिटी, बालुवा उत्खनन गरेकै कारण विभिन्न जोखिम बढेपछि आईईई गरेर टेन्डरबाहेक उत्खननमा रोक लगाएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख हेमबहादुर केसीले बताए । अवैध रुपमा उत्खनन गर्दै आएका झन्डै तीन दर्जन ट्र्याक्टर, एक्स्काभेटर, टिपर नियन्त्रणमा लिएर कारबाही गरेको उनको भनाइ छ ।

'अहिलेसम्म त्रिवेणी र कालिमाटी गाउँपालिकाले शारदा र बबई नदी किनारमा गिटी, बालुवा उत्खननको टेन्डर गरेका छन् । उनीहरलाई रोकेका छैनौं,' उनले भने, 'अन्य पालिकाका सबै स्थानबाट पूर्ण रुपमा रोक लगाएका छौं । कसैले कानुनविपरीत काम गरेमा कारबाही प्रक्रिया अगाडि बढाउँछौं ।'

बाग्चौर नगरपालिकाका प्रमुख जनकराज गौतमले तीन पटक टेन्डर आह्वान गर्दा कसैले ठेक्का नहालेपछि स्थानीय तहको कानुनी अमानतबाटै नगरभित्रका पाँच स्थानबाट गिटी बालुवा उत्खनन गरेर राजस्व संकलन गर्दै आएको बताए । 'टेन्डरबाट हुन नसकेपछि अमानतबाट उत्खनन गर्न पाइने कानुनी प्रावधान छ । त्यहीअनुसार आईई गरेर सबै किसिमका मापदण्ड पालना गरी उत्खनन गरिरहेका छौं,' उनले भने । बन्गाड कुपिण्डे नगरपालिकाका उपप्रमुख पुरुषोत्तम आचार्यले टेन्डर गरेर खोलाजन्य वस्तु उत्खननको प्रक्रिया अगाडि बढाए पनि ठेक्का कसैले नहालेपछि पालिकाभित्र पर्ने दुई वटा खोलाबाट उत्खननको काम भइरहेको बताए । 'विकास निर्माणका काम गर्ने ठेकेदार, उपभोक्ता समितिले गिटी, बालुवा उत्खनन गरिरहेका छन् । जिल्ला समन्वय समितिले तोकेको दररेटअनुसार पालिकालाई राजस्व तिरिरहेका छन्,' उनले भने ।

पूर्वाधार विकास कार्यालय सल्यानका प्रमुख नवीनकुमार थापाले प्रहरीले गिटी, बालुवा उत्खननमा रोक लगाउँदा विकास निर्माणको काम प्रभावित हुने बताए ।




९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।